सैनामैना नगरपालिका

**स्थानीय राजपत्र**

खण्ड २) सैनामैना, पौष महिना ३० गते २०७५ साल (संख्या १०

भाग : १

सैनामैना नगरपालिका

सैनामैना नगरपालिकाबाट स्वीकृत ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सैनामैना नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५

प्रस्तावना :

सैनामैना नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको नियमन गर्न तथा साना सार्वजनिक सवारी साधनहरुको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन गरी व्यवस्थित गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा(४)ट मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बमोजिम सैनामैना नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो ऐनको नाम "सैनामैना नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सैनामैना नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "नगरपालिका" भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले सैनामैना नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ग) "नगर कार्यपालिका" भन्नाले सैनामैना नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले सैनामैना नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "साना सवारी साधन" भन्नाले टेम्पो, म्यानुअल रिक्सा, ई-रिक्सा, पावर टिलर, अटो रिक्सा आदि लाई सम्झनु पर्छ ।

(छ) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ ।

(ज) "सवारी धनी"भन्नाले सवारी दर्ताको प्रमााणपत्रमा सो सवारीको धनी भनि लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्दछ ।

(झ) "व्यवस्थापक"भन्नाले पञ्जिकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्दछ ।

(ञ) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे वापत लिने रकम वा शुल्क सम्झनु पर्दछ ।

(ट) "बाटो इजाजतपत्र"भन्नाले स्वीकृत बाटोमा सवारी चलाउन दफा १० बमोजिम दिइने इजाजतपत्र पत्र सम्झनु पर्दछ ।

(ठ) "बिसौनी"भन्नाले यात्रीवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँ सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सवारी व्यवस्थापन

३. यात्रु चढाउने र ओराल्ने : सैनामैना नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने लामो तथा छोटो दुरीका निजी तथा सार्वजनिक सवारी साधनहरुले बिसौनीमा बाहेक यात्रु चढाउन र ओराल्न पाउने छैनन् । नगरपालिकाले

CamScanner

यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी यात्रु चढाउने र ओराल्ने स्थान तोक्न सक्नेछ ।

४. सवारीको गति निर्धारण :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा यातायात व्यवस्था विभाग वा कार्यालय र ट्राफिक कार्यालयसँग समन्वय गरी विभिन्न स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढि वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ । यसरी गति निर्धारण गरिएंको स्थानमा सो निर्धारित गति भन्दा बढि वेगले सवारी चलाउन पाइनेछैन ।

(२) उपदफा (१) बमोजिम गति सीमितताको लागि तथा दफा ३ बमोजिम यात्रु चढाउने, ओराल्ने, रोक्ने समय, प्रस्थान तथा गन्तव्यमा पुग्ने समय निर्धारण गर्न यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी नगरपालिकाले समय तालिका (टाइम कार्ड) बनाई लागु गर्न सक्नेछ ।

५. फोहोरमैला व्यवस्थापन : निजी तथा सार्वजनिक सवारी साधन तथा यात्रुहरुले नगरपालिका क्षेत्रभित्र सडकको दायाबाँया जथाभावि फोहोर फाल्न पाइनेछैन । प्रत्येक सवारी साधनले आफ्नो सवारी साधनभित्र अनिवार्य रुपमा डस्टविनको व्यवस्था गर्नुपर्नेछ । यसरी सवारी चालक तथा यात्रुहरुले यसरी व्यवस्था गरिएको डस्टविनमा फोहर नराखी सडकको दाँयाबाँया जथाभावि फोहोर फालेको पाइएमा नगरपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद ३
## सूचीकरण तथा बाटो इजाजत

६. सूचीकरण सम्बन्धी व्यवस्था:

(१) संघीय, प्रदेश कानून बमोजिम दर्ता भई यस नगरपालिकाको क्षेत्र भित्र सञ्चालन भई आएका वा सञ्चालन हुने साना सार्वजनिक सवारी साधनहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यस नगरपालिकामा सूचीकरण भई तोकिएको रुटमा सञ्चालन हुन सक्नेछन ।

(२) उपदफा (१) बमोजिम सुचीकरणको लागि नगरपालिकाले साना सार्वजनिक सवारी साधनहरुको निश्चित संख्या तोक्न सक्नेछ । तोकिएको संख्याभन्दा बढी संख्याको सार्वजनिक साना सवारी साधनलाई सूचीकरण गर्न बाध्य हुने छैन ।

CamScanner

७. बाटो निर्धारण गर्ने : नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक साना सवारी साधनको लागि सेवा सञ्चालन गर्न तोकिए बमोजिम बाटो निर्धारण गर्नेछ ।

८. सूचीकरण नभई तथा बाटो ईजाजत पत्र नलिई सेवा सञ्चालन गर्न नहुने :

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने कुनै पनि सार्वजनिक साना सवारी साधन नगर पालिकामा सूचीकरण नभई तथा बाटो इजाजतपत्र प्राप्त नगरी सेवा सञ्चालन गर्न पाउने छैनन् ।

(२) प्रचलित कानून बमोजिम यातायात कार्यालयबाट यस नगर क्षेत्रभित्र सञ्चालन हुने गरी दर्ता गरिने साना सार्वजनिक सवारी साधनको इजाजतपत्र दिदाँ नगरपालिकाले तोकेको संख्या भन्दा बढि नहुने गरी इजाजतपत्र दिने व्यवस्था मिलाउन सकिनेछ ।

(३) प्रचलित कानून बमोजिम यातायात कार्यालयबाट यस नगर क्षेत्रभित्र सञ्चालन हुने गरी बाटो इजाजतपत्र लिईसकेका सार्वजनिक साना सवारी साधनहरुले तोकिएको समय अवधिभित्र सम्बन्धित यातायात कार्यालयमा लगत कट्टा गराई यस नगरपालिकाबाट बाटो इजाजतपत्र लिनुपर्नेछ ।

९. बाटो इजाजतको लागि दरखास्त दिन सक्ने: यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै पनि साना सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष बाटो इजाजत पत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनुपर्नेछ ।

१०. बाटो इजाजतपत्र दिनु पर्ने :

(१) दफा (९) बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक साना सवारीलाई दफा (७) बमोजिमका बाटो प्रयोग गर्न तोकिएको ढाँचामा बाटो इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको बाटो इजाजतपत्र सो दिइएको मितिले चार महिनासम्म बहाल रहनेछ ।

११. पटके बाटो इजाजतपत्र:

(१) विशेष काम परी कुनै साना सवारीलाई बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजत पत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न गरी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर कार्यालयले जाँचबुझ गरी बढीमा ७ दिनको लागि पटके बाटो इजाजतपत्र दिन सक्नेछ ।

CamScanner

१२. बाटो इजाजतपत्रको नवीकरण :

(१) दफा १० को उपदफा (२) बमोजिम बाटो इजाजतपत्रमा लेखिएको म्याद नाघेको पन्ध्र दिनभित्र त्यस्तो बाटो इजाजतपत्र नवीकरण गराईसक्नुपर्नेछ ।

(२) बाटो इजाजतपत्रको नवीकरणको लागि तोकिएको दस्तुर सहित नगरपालिकामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी बाटो इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखेमा अर्को चार महिनाको लागि बाटो इजाजतपत्र नवीकरण गरी दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी बाटो इजाजतपत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नवीकरण गर्नु पर्छ ।

१३. बाटो इजाजतपत्र स्वत: रद्ध हुने :

(१) दफा १२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो बाटो इजजातपत्र स्वत: रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत कट्टा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भईसकेको बाटो इजाजतपत्र नवीकरण गरिनेछैन ।

१४. पुन बाटो इजाजतपत्र दिन सकिने : दफा १३ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजतपत्रमा लेखिएको सार्वजनिक साना सवारीको लागि पुन: बाटो इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा १२ बमोजिम लिनुपर्ने नविकरण तथा थप दस्तुर समेत लिई निजलाई दुई हजार रुपैयाँ सम्म जरिवाना गरि त्यस्तो सवारी चलाउन दफा १० बमोजिम अर्को बाटो इजाजतपत्र दिनुपर्नेछ ।

१५. बाटो इजाजतपत्रको प्रतिलिपि दिने :

(१) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको दस्तुर संलग्न गरी तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ ।



CamScanner

१६. जाँचपास पेश गर्नुपर्ने : कुनै पनि सार्वजनिक साना सवारी साधनले यस ऐन बमोजिम बाटो इजाजत पत्र लिन सम्बन्धित निकायबाट जारी गरिएको जाँचपास संलग्न गर्नुपर्ने छ । जाँचपास नगराएको कुनैपनि सार्वजनिक साना सवारी साधनलाई बाटो इजाजत पत्र दिइने छैन ।

## परिच्छेद-४
## व्यवस्थापन तथा अनुगमन

१७. सीटभन्दा बढी यात्री राख्न नहुने : यात्रुबाहक सार्वजनिक साना सावारी साधनले सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउन पाइनेछैन ।

१८. यात्री लिन इन्कार गर्न नहुने : नगर क्षेत्रभित्र सञ्चालन हुने कुनै पनि सार्वजनिक साना सवारी साधनले सवारी साधन खालीरहेको अवस्थामा यात्री लिन इन्कार गर्न पाउने छैन ।

१९.जरिवाना सम्बन्धी व्यवस्था : यस ऐनमा तोकिएको व्यवस्था विपरित नगर क्षेत्रभित्र उल्लेखित सवारी साधन सञ्चालन गर्न पाइने छैन । यस ऐनको उलंघन गरेमा तोकिए बमोजिम जरिवाना गरिनेछ । सूचिकृत गरि सञ्चालन गर्नुपर्ने सवारी साधन सूचिकृत नगरी सञ्चालन गरेमा दोब्बर जरिवाना गरिनेछ । बारम्बार यस ऐनको उलंघन र अटेरी गर्ने सवारी चालक र व्यवस्थापकलाई सवारी साधन सञ्चालन गर्न अयोग्य ठहऱ्याउन सकिनेछ ।

२०. अनुगमन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :

(१) नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको व्यवस्थापन गर्न तपसिल बमोजिमको सदस्य रहने गरी एक नगर स्तरीय अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगर कार्यपालिकाको महिला सदस्य एक जना | सदस्य |
| (घ) रिक्सा, ई-रिक्सा तथा अटो रिक्सासँग सम्बन्धित व्यवसाय संघको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) नेपाल प्रहरी/ट्राफिक प्रहरी प्रमुख वा प्रतिनिधि | सदस्य |
| (च) नगर प्रहरी प्रमुख | सदस्य |
| (छ) नगरपालिकाको सम्बन्धित विषयको शाखा हेर्ने शाखा प्रमुख | सदस्य-सचिव |

(२) समितिको बैठकमा सम्बन्धित व्यक्ति वा संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।



CamScanner

(३) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

## परिच्छेद - ५
## निरीक्षण, मर्मत सम्भार, केन्द्रको स्थापना र विवादको समाधान

२१. मर्मत सम्भार गर्नुपर्ने : यस ऐन अनुसार सूचिकृत भई सञ्चालनमा आएका सवारी साधनहरु समय समयमा मर्मत सम्भार गरी सञ्चालन योग्य हुनुपर्ने छ। सञ्चालन योग्य नभएमा नवीकरण रोकिने छ।

२२. चेकजाच गर्न सकिने : नगरपालिकामा सूचिकृत भएका सवारी साधन तोकिएको रुटमा सञ्चालन भए नभएको वा नियम वा आदेश उलंघन गरे नगरेको, तोकिएको संख्या विपरित यात्रु राखि सञ्चालन गरे नगरेको सम्बन्धमा तोकिएको अधिकारीले चेकजाँच गर्न सक्नेछ।

२३. मध्यस्थता : नगर भित्र सूचीकृत भई सञ्चालन भएका सवारी साधनको मजदुर-व्यवस्थापक, मजदुर-मजदुर, मजदुर-यात्री (सेवाग्राही) बिच मुलुकी अपराध संहिता २०७४, सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन, २०४९ ले अपराध हुने भनी निषेधित गरेको फौजदारी काम बाहेक अन्य सामान्य प्रकृतिका विवाद झैझगडा, पारिश्रमिक वा क्षेतिपूर्ति लिने दिने विषयका विवादहरु न्यायिक समितिले मध्यस्थताद्वारा निरुपण गर्नेछ। न्यायिक समितिको निर्णय दुवै पक्षले पालना गर्नुपर्नेछ।

## परिच्छेद - ६
## विविध

२४. भाडा दर निर्धारण : नगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनहरुको भाडा दर निर्धारण गर्न नगर प्रमुखको संयोजकत्वमा तोकिए बमोजिमका पदाधिकारीहरु रहने गरी भाडादर निर्धारण समिति रहनेछ। सो समितिले भाडादर निर्धारण गर्नेछ।

२५. टिकट उपलब्ध गराउनु पर्ने : नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक साना सवारी साधनले कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी टिकट लिन चाहेमा यात्रुलाई अनिवार्य रुपमा टिकट उपलब्ध गराउनु पर्नेछ।

२६. मुख्य राजमार्ग सर्भिस लेन बाहेक अन्यत्र चलाउन र अड्याउन नपाउने : (१)नगर क्षेत्रमा पर्ने पूर्व पश्चिम राजमार्गमा सर्भिस लेन बाहेक राजमार्गको मुख्य भागमा यस ऐन अन्तर्गतका सवारी साधन सञ्चालन गर्न रोक



CamScanner

लगाउन सकिनेछ । यातायात सञ्चालनमा नियमन गरेको कार्यले पेशा व्यवसाय गर्नमा प्रतिवन्ध लगाएको मानिने छैन ।

(२)नगर क्षेत्रमा पर्ने मुर्गिया-लुम्बिनी, कलौनि-लुम्बिनी तथा सालभण्डी-ढोरपाटन जस्ता रणनैतिक सडकमा छोटो तथा लामो दुरीका ठुला तथा मझौला सवारी साधनबाट यातायात सेवा उपलब्ध नहुदा सम्म सो सडकमा पेट्रोल र डिजल इन्जिन जडित अटो रिक्सा सञ्चालन गर्न अनुमती दिन सकिनेछ । तर उक्त सडकमा ई-रिक्सा सञ्चालन गर्न पाइनेछैन ।

२७. सहयोग लिन सक्ने : यस ऐन र ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, विनियम, निर्देशिका आदिको कार्यन्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नेपाल सरकार, प्रदेश सरकार मातहतमा रहेका यातायात व्यवस्था कार्यालय तथा ट्राफिक प्रहरी कार्यालय लगायतका सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय तथा सहयोग लिइनेछ ।

२८. नियम बनाउन सक्नेः यो ऐन कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२९.खारेजी र बचाउ : यस ऐनमा भएका व्यवस्थाहरु संघीय तथा प्रादेशिक कानूनहरुसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले
(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५ पौष २९ गते